मोदी गाउँपालिका गाउँसभाको १७ औ अधिवेशनमा
गाउँपालिका उपाध्यक्ष श्री विमल लामिछाने द्वारा प्रस्तुत
आर्थिक बर्ष २०८३/८४ को

# बजेट वक्तव्य

मोदी गाउँपालिका
पातिचौर,पर्वत
२०८३ साल असाढ ९ गते

**श्रद्देय गाउँसभाका अध्यक्ष महोदय,**
**गाउँ सभाका आदरणीय सदस्य ज्युहरु**

मोदी गाउँपालिकाको १९ औं अधिवेशन अर्थात बजेट अधिवेशनमा हामी उपस्थित भइरहेका छौ, गाउँसभामा गाउँपालिकाको दिर्घकालिन सोच र जनआकांक्षा सहितको नीति तथा कार्यक्रमलाई योजना र कार्यक्रम मार्फत कार्यन्वयनमा ल्याउने दस्तावेजको रुपमा हालसम्मका अनुभव र समुन्नत गाउँपालिका निर्माण गर्ने सुन्दर उदेश्य सहित मोदी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यकम प्रस्तुत गर्न मोदी गाउँपालिकाको उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यहाँहरु माझ उपस्थित भएको छु । यस महत्त्वपूर्ण अवसरमा, हामीलाई लोकतन्त्रको सुन्दर पक्ष आवधिक निर्वाचन मार्फत अनुमोदन गरी यस स्थानमा ल्याई पुराउनुहुने मोदी गाउँपालिका बासी सम्पूर्ण आम मतदाता, आमाबुवा दाजुभाई दिदीबहिनीहरु प्रती हार्दिक नमन सहित धन्यवाद ब्यक्त गर्न चाहन्छु । साथै देशको आर्थिक, सामाजिक र राजनीतिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने सबै अग्रजहरु प्रती आदरभावका साथ सम्मान ब्यक्त गर्दै संघिय लोकतान्त्रिक गणतन्त्रात्मक नेपाल निर्माणका लागी जीवन उत्सर्ग गर्नुहुने तथा, नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, रास्ट्रिय एकता, स्वाधिनता र सामाजिक न्याय सहितको समानता र समृद्धी प्राप्तीको लागी संघर्ष र बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात/अज्ञात सहिदहरु प्रती भावपूर्ण श्रद्दान्जली अर्पण गर्न चाहन्छु ।

**श्रद्देय सभाध्यक्ष महोदय,**

नेपालको संबिधान २०७२ ले अङ्गीकार गरेको संघियता र राज्यको पुनर्संरचना बमोजिम स्थापना भएको मोदी गाउँपालिकाको संरचनागत, संस्थागत र समग्र विकास को लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुने संस्थापक अध्यक्ष प्रेम शर्मा पौडेल, उपाध्यक्ष सेती महत लगायत तत्कालिन सम्पूर्ण जनप्रतिनिधि, एवम् रास्ट्र सेवक कर्मचारीहरु प्रति आभार प्रकट गर्दै उहाँहरुको योगदानको मुक्तकण्ठले प्रसंशा गर्न चाहन्छु र यो गरिमामय सभामा धन्यवाद ब्यक्त गर्न चाहन्छु ।

हामी जनप्रतिनिधिका रुपमा निर्वाचित भएर चौथो वर्षको कार्यकाल सफलतापूर्वक पुरा गरिसकेका छौं । यस अबधिमा हामीले जनताका आश्यकताहरु बुझ्न, नीतिगत निर्णयहरु गर्न र सेवा प्रवाहमा सुधार ल्याउनका लागी महत्त्वपूर्ण अनुभव हासिल गरेका छौ । आगामी १ वर्ष हाम्रो कार्यकालको महत्त्वपूर्ण समय हो र बाँकी समयलाई थप प्रभावकारी, परिणाममुखी र जनमुखी बनाउन पालिकाबासीको जनअपेक्षाहरुलाई क्रमसः संबोधन गर्दै मोदी गाउँपालिकाको सामाजिक, आर्थिक, सांस्कृतिक, दिगो पूर्वाधार, नवप्रवर्तन उद्धमशिलता र विपद उत्थानशिल विकासमा ध्यान केन्द्रित हुने विश्वास राख्दै स्वास्थ्य, शिक्षा, रोजगारी, कृषी उत्पादन, खानेपानी, दिगो पूर्वाधार विकास निर्माण तथा सुशासन सहितको सेवा प्रवाह मार्फत पालिकावासीलाई परिवर्तनको प्रत्यक्ष अनुभुती हुने गरी काम गर्न मोदी गाउँपालिका प्रतिबद्ध रहेको जानकारी गराउन चाहन्छु । साथै यस अवधिमा सिमित साधन स्रोत, कतिपय कानुनी जटिलता र अन्योलताका बीच मोदीवासी जनताको सेवा प्रवाहमा अहोरात्र खट्नुहुने सम्पूर्ण

जनप्रतिनिधि ज्युहरु र रास्ट्रसेवक कर्मचारी साथीहरु प्रति पुनः धन्यवाद एवंम् आभार प्रकट गर्न चाहन्छु ।

**श्रद्देय सभाध्यक्ष महोदय,**

मोदी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संबिधान, संघिय तथा गण्डकी प्रदेश सरकारबाट जारी ऐन तथा नियमावली, स्थानीय सरकार संचालनको मार्गदर्शनको रुपमा रहेको स्थानीय सरकार संचालन ऐन २०७४, संघीय तथा प्रदेश सरकारको आ.व २०८३/०८४ का नीति तथा कार्यक्रम, स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन कार्यविधि २०७७, गाउँपालिकाका विषयगत समितिबाट प्राप्त सुझावहरु, दिगो विकासका लक्ष्यहरु, मोदी गाउँपालिकाको प्रथम पन्चबर्षिय योजना, सार्वजनिक सुनुवाईबाट प्राप्त सुझावहरु, गाउँपालिकाको आन्तरिक स्रोत साधन र परिचालनको अवस्था, विभिन्न संघ संस्था, पालिकाभित्र क्रियाशील राजनीतिक दलहरुबाट प्राप्त सुझावहरु र नागरिकका अपेक्षा र आवश्यकतालाई प्रमुख आधार बनाएको छु ।

**श्रद्देय सभाध्यक्ष महोदय,**
**गाउँ सभाका आदरणीय सदस्य ज्यूहरु,**

अब म चालु आर्थिक वर्षको वित्तीय अवस्थाको संक्षिप्त जानकारी प्रस्तुत गर्न चाहन्छु ।

चालु आ.व.२०८२/०८३ को लागि कुल बजेट रु ६३ करोड ६३ लाख ८० हजार रुपैंया अनुमान गरिएको छ, जसमध्ये चालु तर्फ ४८ करोड ०३ लाख ५२ हजार रुपैंया र पुंजीगत शिर्षकमा १५ करोड ६० लाख २८ हजार रुपैंया विनियोजन भएकोमा मिति २०८३ असार पहिलो साता सम्म विनियोजित बजेट को ७९.६२% प्रतिशत अर्थात् ५० करोड ६७ लाख ४२ हजार ८ सय ६७ रुपैया २८ पैसा आम्दानी भइ चालु तर्फ ७१.०२ प्रतिशत र पुजीगत तर्फ ३५.२९ प्रतिशत खर्च भएको छ । समग्रमा ३९ करोड ७१ लाख ४४ हजार ३ सय ६९ रुपैया अर्थात् ६२.०४ प्रतिशत खर्च भइ बाकी २३ करोड ९२ लाख ३५ हजार ६ सय ३० रुपैया मौज्दात रहेको छ ।

अब म मोदी गाउँपालिकाको आगामी आ.व २०८३\०८४ मा प्रस्ताव गरिएका बजेट तथा कार्यक्रमको उदेश्य र प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उदेश्यहरु निम्नानुसार प्रस्तुत गरिएको छ ।

**उद्देश्य :-**

- पालिकाको सबलीकरण र संस्थागत सुदृढिकरण गर्ने,
- स्रोत र साधनलाई सन्तुलित र समन्यायिक ढङ्गले परिचालन गरि पालिका भित्रको आर्थिक असमानता र गरिबीलाई न्यूनीकरण गर्ने,
- कृषि, पर्यटन र लघु उद्धम मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्दै रोजगारीको अवसर सृजना गर्ने,

- पालिका भित्र संचालित सबै विद्यालयहरुमा गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न शिक्षालाई सुचना/प्रविधि मैत्री बनाउदैं प्राविधिक शिक्षा र आवासीय विद्यालयमा जोड दिने,
- आधारभूत स्वास्थ्य सेवालाई थप सर्वसुलभ र गुणस्तरीय बनाउदैं सबै पालिकाबासीको पहुँच अभिवृद्धि गर्ने,
- बालमैत्री पालिका निर्माण गर्ने,
- समाजमा बिधमान सबै खाले विभेदको अन्त्य गर्नका लागि विशेष कार्यक्रम संचालन गर्ने,
- प्राकृतिक स्रोतको संरक्षण, सम्बर्द्धन र उपयोग गर्ने,
- निजि क्षेत्रसंगको सहकार्यमा रोजगारी सिर्जना गर्ने,
- सार्वजनिक सेवा प्रवाहलाई जनमुखी र प्रभावकारी बनाउने,
- सरकारी खर्चमा मितव्ययीता अपनाउने र आर्थिक अनुशासन कायम गर्ने

**श्रद्देय सभाध्यक्ष महोदय,**

माथि उल्लेखित उद्देश्यहरु पुरा गर्नका लागी आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा निम्न विषयहरुलाई प्राथमिकतामा राखेको छु ।

- गुणस्तरीय एवं प्रविधि मैत्री शिक्षा,
- सर्वसुलभ स्वास्थ्य सेवा,
- कृषि क्षेत्रको रुपान्तरण व्यवसायीकरण र यान्त्रिकरण,
- भौतिक पूर्वाधार र सामाजिक क्षेत्रको विकास,
- वातावरण संरक्षण र विपद व्यवस्थापन,
- पर्यटन प्रबर्धन,
- उद्धमशिलताको विकास, सामाजिक समावेशीकरण तथा लैङ्गिक उत्तरदायित्त्व
- रोजगारीको सिर्जना,
- सार्वजनिक सेवा प्रवाह,
- सूचना र प्रविधि,
- स्थानीय माग,
- कार्यपालिका, वडा समिति र विषयगत समितिका निर्णय एवं सिफारिस

माथि उल्लेखित उदेश्य एवं प्राथमिकता प्राप्त गर्न संघीय सरकार, प्रदेश सरकार र छिमेकी स्थानीय तह तथा सरकारी/गैरसरकारी संघसंस्थाहरु संग अधिकतम समन्वय गरिनेछ ।

**श्रद्देय सभाध्यक्ष महोदय,**

**गाउँ सभाका आदरणीय सदस्य ज्युहरु**

अब म राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्र म तर्जुमा समिति र कार्यपालिका बैठकबाट भएको सिफारिसका आधारमा आर्थिक वर्ष २०८३/०८४ को लागि आय र व्यय सहितको अनुमान प्रस्तुत गर्न चाहन्छु ।

| क स | श्रोत | रकम | रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार समानिकरण अनुदान | ९,३७,००००० | ९,३७,००,००० |
| २ | राजश्व वाडफाँड संघिय सरकार | ८,९७,९६,००० | ८,९७,९६,००० |
| ३ | समानिकरण अनुदान प्रदेस सरकार | १,१५,७४,००० | १,१५,७४,००० |
| ४ | संघिय सरकारबाट राजश्व बाँडफाँड विद्युत रोयल्टी | ३,५०,००,००० | ३,५०,००,००० |
| ५ | राजस्व बाँडफाँड प्रदेश सरकार | १,१५,००,००० | १,१५,००,००० |
| ६ | आन्तरिक आम्दानी | ११,९६,९०,००० | ११,९६,९०,००० |
| ७ | नगद मौज्दात | २,००,००,००० | २,००,००,००० |
| ८ | स्थानिय दहत्तर बहत्तर | २,००,००,००० | २,००,००,००० |
| ९ | वन रोयल्टी | १५००० | १५००० |
| १० | पर्वतारोहण रोयल्टी | ५००० | ५००० |
| | **कुल आम्दानी रकम** | **४०,१२,८०,०००/-** | **४०,१२,८०,०००/-** |
| १ | ससर्त अनुदान संघिय सरकार | | ३१,४०,००,००० |
| २ | समपुरक अनुदान संघिय सरकार | | १,२४,००,००० |
| ३ | ससर्त अनुदान प्रदेश सरकार | | २,००,००० |
| ४ | विशेस अनुदान संघिय सरकार | | १,४०,००,००० |
| ५ | समपुरक अनुदान प्रदेस सरकार | | ६०,००,००० |
| ६ | विशेष अनुदान प्रदेस सरकार चालु | | ४०,००,००० |
| | **कुल जम्मा** | | **७५,१८,८०,०००/-** |

**आ.व २०८३/८४ का लागि आय तर्फ निम्नानुसार स्रोत अनुमान गरेको छु ।**

अब म आर्थिक वर्ष २०८३/०८४ को कुल बजेट रु **७५,१८,८०,०००/-(अक्षरमा पचहत्तर करोड अठार लाख असि हजार मात्र)** को स्रोत अनुमान बाट सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानलाई यथावत राखि अन्य आय स्रोतबाट अनुमानित **रु ४०,१२,८०,०००/-(अक्षरमा चालिस करोड बाह्र लाख असि हजार मात्र)** लाई आधार मानी चालु र पूँजीगत खर्चको विस्तृत विवरण प्रस्तुत गर्न चाहन्छु। आगामी आ.व. २०८३/०८४ मा चालु खर्च तर्फ रु. **५३,१३,८०,०००/-(अक्षरमा त्रिपन्न करोड तेह्र लाख असि हजार मात्र)** तथ पूँजीगत तर्फ रु. **२२,०५,००,०००/-(अक्षरमा बाईस करोड पाँच लाख मात्र)** विनियोजन गरेको छु ।

**श्रद्देय सभाध्यक्ष महोदय,**

अब म क्षेत्रगत रुपमा बजेटको विनियोजन प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**सामाजिक विकास :-**

**शिक्षा तर्फ**

मानव विकास नै समृद्ध र समुन्नत समाज निर्माणको प्रमुख आधार हो भन्ने मान्यतालाई आत्मसात गर्दै शिक्षा, स्वास्थ्य, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा सामाजिक समावेशीकरणका क्षेत्रलाई उच्च प्राथमिकतामा राखी सामाजिक विकास क्षेत्र अन्तर्गत विभिन्न कार्यक्रम तथा योजनाहरू कार्यान्वयन गर्न आवश्यक बजेट प्रस्ताव गरेको छु।

**शिक्षा क्षेत्रतर्फ**, प्रारम्भिक बालविकास शिक्षक, सामुदायिक सिकाइ केन्द्रका सहजकर्ता तथा विद्यालय कर्मचारीहरूको मनोबल अभिवृद्धि गर्न थप तलब-भत्ता व्यवस्था, स्थानीय अनुदान कोटामा कार्यरत शिक्षक तथा कर्मचारीहरूको पारिश्रमिक, पाठ्यपुस्तक तथा शैक्षिक सामग्रीको उपलब्धता, शिक्षक पेशागत क्षमता विकास तालिम, आधारभूत शिक्षा परीक्षा तथा उपलब्धि मापन, विद्यार्थी दिवा खाजा कार्यक्रमको सुदृढीकरण, स्थानीय पाठ्यपुस्तक विकास तथा वितरण, अतिरिक्त क्रियाकलाप, राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, स्काउट गतिविधि, आवासीय विद्यालयको विकास तथा विस्तार, "पढ्दै कमाउँदै-सिक्दै रमाउँदै" कार्यक्रमको निरन्तरता तथा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि डिजिटल तथा प्रविधिमैत्री शिक्षण प्रणालीको विकास र विस्तार लगायतका कार्यक्रम सञ्चालन गर्न **रु. २ करोड ८७ लाख** विनियोजन गरेको छु।

**महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता क्षेत्रतर्फ**, लैङ्गिक हिंसा तथा सामाजिक विभेद विरुद्ध जनचेतनामूलक अभियान सञ्चालन, सामाजिक सूचना व्यवस्थापन प्रणाली (SIMS) को प्रभावकारी कार्यान्वयन, महिला नेतृत्व तथा क्षमता विकास, बालमैत्री स्थानीय शासन प्रवर्द्धन, ज्येष्ठ नागरिक सम्मान कार्यक्रम, अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरण, सीप विकास तथा आयआर्जन प्रवर्द्धन, बालविवाह, बालश्रम, दाइजो प्रथा लगायतका हानिकारक अभ्यास न्यूनीकरण, आपतकालीन उद्धार, संरक्षण तथा

पुनःस्थापना, उच्च शिक्षा अध्ययनका लागि शैक्षिक सहायता तथा महिला सशक्तीकरणका विविध कार्यक्रम सञ्चालन गर्न **रु. ३८ लाख** विनियोजन गरेको छु।

**स्वास्थ्य तथा जनसंख्या क्षेत्रतर्फ**, आधारभूत तथा अत्यावश्यक औषधिको नियमित उपलब्धता सुनिश्चित गर्न औषधि खरिद, न्यूनतम सेवामापदण्ड कार्यान्वयन, नसर्ने रोगहरूको समुदायस्तरीय परीक्षण तथा उपचार शिविर सञ्चालन, गर्भवती तथा सुत्केरी महिलाहरूका लागि पोषण तथा स्वास्थ्य सामग्री व्यवस्थापन, स्वास्थ्य संस्था सञ्चालन तथा सेवा प्रवाह सुदृढीकरण, स्वास्थ्यकर्मीहरूको फिल्ड भत्ता, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको स्वास्थ्य बीमा, पोषण प्रवर्द्धन कार्यक्रम, स्वास्थ्य विपद् तथा महामारी पूर्वतयारी, डिजिटल स्वास्थ्य सूचना प्रणालीको सुदृढीकरण, स्वास्थ्यकर्मीहरूको क्षमता विकास तथा स्वास्थ्य संस्थाहरूमा प्रविधिमैत्री सेवा विस्तार अन्तर्गत सिसी क्यामेरा जडान लगायतका कार्यक्रम सञ्चालन गर्न **रु. ५० लाख** विनियोजन गरेको छु।

आयुर्वेद सेवा कार्यक्रम तर्फ एकमुस्ठ रु.१५ लाख विनियोजन गरको छु।

**आर्थिक विकास :-**

**कृषि विकास उपशाखाः**

मोदी गाउँपालिकाको सम्रिद्धीको महत्त्वपूर्ण अधारको रुपमा रहेको कृषी क्षेत्रको समग्र कार्यक्रम र बिकासको लागी रु १ करोड बिनियोजन गरेको छु ।

***पशु सेवा कार्यक्रम :***

- पशुपंक्षी पालन गर्ने कृषकहरुलाई स्थानिय तहबाट प्रोत्साहन स्वरुप निशुल्क औषधि वितरण गर्नका लागि आवाश्यक बजेटको ब्यबस्था गरेको छु ।
- पशुपंक्षी पालक कृषकहरुसँग लागत साझेदारीमा ब्यबासायिक फारम सुद्धिकरण कार्यक्रमका लागि रु **१५ लाख** विनियोजन गरेको छु ।
- बिपन्न नागरिकका लागी चल्ला तथा दाना निशुल्क उपलब्ध गराउन आवश्यक बजेटको ब्यबस्था गरेको छु

***पर्यटन तर्फ***

- मोदी गाउँपालिकाको प्रमुख पर्यटकीय स्थलको रुपमा रहेको भवरकोट- माटे-हम्पाल पदमार्गको पूर्वाधार निर्माणको लागी **रु १५ लाख** विनियोजन गरेको छु ।
- लोक संस्कृति संरक्षण तथा नयाँ पुस्तामा पुस्तान्तरण कार्यक्रमका लागि आवश्यक बजेटको ब्यबस्था गरेको छु ।

*लघु उद्धम-*

- नयाँ लघु उद्धमी सृजना, सामाजिक परिचालन, उद्धमशिलतता तथा सिप विकास तालिम र प्रबिधी हस्तान्तरण कार्यक्रमको संस्थागत विकास, उपयुक्त प्रबिधी, सिप प्रमाणीकरण र बजारीकरण सहितका क्रियाकलापहरुको लागि आवाश्यक बजेटको ब्यबस्था गरेको छु ।
- युवा उद्धमी व्यवसाय, स्टार्ट-अप पुँजी प्रवर्धन गर्न रु **१० लाख** विनियोजन गरेको छु ।
- परम्परागत सिप तथा उद्धमको नवपर्वतन कार्यक्रमका लागि आवाश्यक बजेटको ब्यबस्था गरेको छु ।

*पूर्वाधार विकास :-*

- वडा गत योजना तथा कार्यक्रमहरुका लागि एकमुष्ठ रु. **६ करोड ९० लाख** विनियोजन गरेको छु ।
- संघिय सरकार र गण्डकी प्रदेश सरकार संगको साझेदारीमा विभिन्न योजनाहरु कार्यन्वयन गर्नका लागि समपुरक कोष मार्फत **रु १ करोड ८४ लाख** विनियोजन गरेको छु ।
- सल्यान थामार्जुंग ठाना गिज्यान अम्बोट सडकलाई बैकल्पिक राजमार्गको रुपमा स्तरउन्नती गर्न मोदी गाउँ पालिका वडा नम्बर नं ६ दानाबगर र मोदी-०५ अम्बोटमा बेलीब्रिज निर्माणको लागी बहुबर्षीय योजना सम्पन्न गर्न यो आर्थिक बर्षमा **रु १ करोड** बिनियोजन गरेको छु ।
- मोदी गाउँपालिका सभाहल निर्माणका लागि **रु ७५ लाख** विनियोजन गरेको छु।
- मोदी गाउँपालिका वडा नं ६, स्थित कुँवरटोल साउनेपानि ठाना सडक स्तरउन्नतीको लागी **रु २५** लाख बिनियोजन गरेको छु ।
- मोदी-०२ पातिचौर बजार रिङ रोड स्तरउन्नतीको लागी **रु २०** लाख बिनियोजन गरेको छू ।
- विभिन्न सरकारी, गैर सरकारी संघ संस्था तथा उपभोक्ताहरुसंग साझेदारी गरि विकास कार्यक्रम संचालन गर्न **रु २० लाख** विनियोजन गरेको छु ।
- रोजगार सिप तथा उधमशिलता केन्द्रको कार्यक्रमसँग साझेदारीका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- मोदी गाउँपालिकाको वडा नं २,५ र ६ को बजार क्षेत्रको खानेपानी समस्या समाधान गर्न खानेपानी सहलागानिको लागि **रु २५ लाख** विनियोजन गरेको छु ।
- विपन्न नागरिकहरुका लागि विपन्न नागरिक घरबास पुनर्निर्माण, पुनर्स्थापना र घर छाना मर्मत कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- परम्परागत खानेपानी धारा, पँधेरा तथा मुहान संरक्षण कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

**वन, वातावरण तथा विपद व्यवस्थापन :-**

- विपद जोखिम न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापना कार्यलाई सुदृढ गर्न आवश्यक श्रोत साधन तथा पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखेको छु । सुरक्षित र विपद प्रतिरोधी समुदाय निर्माण गर्नका लागी स्थानीय स्तरमा क्रियाशील नेपाल रेडक्रस सोसाइटी, नेपाल स्काउट, युवा क्लब, टोल विकास संस्था, विभिन्न स्वयंसेवी संगठन, विभिन्न राजनीतिक दल तथा सुरक्षा निकायहरुसंगको सहकार्यलाई समन्वयात्मक बनाइनेछ । समग्रमा वन, वातावरण र विपद व्यवस्थापनको लागी **रु ४० लाख** विनियोजन गरेको छु ।

**संस्थागत विकास ,सेवा प्रवाह तथा सुशासनः-**

- मोदी गाउँपालिकाको सबलीकरण, संस्थागत सुदृधिकरण र सुशासन प्रबर्धनका लागि विभिन्न नीति अवलम्बन गरिनेछ । जनताले प्रत्यक्ष सरोकार राख्ने सेवा प्रवाहलाई छिटो-छरितो, चुस्त-दुरुस्त, प्रभावकारी र जनमुखी बनाउन मोदी गाउँपालिकाको संस्थागत विकास गर्न बजेट विनियोजन  गरेको छु । यसै गरि कार्यसम्पादनमा नागरिकले अनुभूति हुने गरी प्रभावकारीता ल्याउन क्षमता विकास संग सम्बन्धित कार्यक्रमका लागि आवाश्यक  विनियोजन गरेको छु ।
- मोदी गाउँपालिकाको राजश्व संकलन कार्यलाई प्रविधि मैत्री बनाइनेछ, यसका लागी कर्मचारीहरुको क्षमता विकास कार्यलाई प्राथामिकतामा राखि उक्त कार्यका लागी आवाश्यक बजेट विनियोजन गरेको छु ।
- उच्च मनोबल सहितका कर्मचारीहरुबाट मात्रै प्रभावकारी कार्यसम्पादन हुन सक्दछ भन्ने मान्यतालाई आत्मसाथ गर्दै गाउँपालिका भित्र कार्यारत सबै करारका कार्मचारीहरुको महंगी भत्ताका लागी **रु २५ लाखको** ब्यबस्था गरेको छु ।

**न्यायिक समितिः-**

न्यायिक समिति, स्थानीय तहमा सामाजिक न्याय र मेलमिलाप स्थापना गर्ने महत्त्वपूर्ण अङ्गको रुपमा रहेको छ । स्थानीय तहमा न्यायिक समितिको क्षमता विकास, न्यायिक सेवा प्रवाह सुदृढीकारण र न्यायमा पहुँच वृद्धि गर्नका लागी आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।न्यायिक समितिको समग्र कामलाई व्यवस्थित गर्नको लागी आवाश्यक बजेट विनियोजन गरेको छु ।

**अन्त्यमा :**

चालु आर्थिक वर्ष २०८२/०८३ मा प्रक्षेपण गरिएको आन्तरिक राजश्व लक्ष्य अनुसार संकलन हुन नसकेको यथार्थता आत्मसाथ गर्दै आगामी आर्थीक वर्ष नागरिकलाई स्वतस्फुर्त कर तिर्ने वातावरण

शृजना गर्ने कुरामा ध्यान दिइनेछ । करका दायराहरुलाई क्रमश फराकिलो बनाउदै लैजाने कुरामा विशेष जोड दिइनेछ ।

हामी बिगतको अनुभवलाई सिकाईको रुपमा रुपान्तरण गर्दै जनताको भरोसा र अपेक्षालाई पुरा गर्न अझ बढी मेहेनत र थप समर्पण भावका साथ काम गर्नेछौ । बजेट निर्माण गर्दै गर्दा कोही पनि नागरिक विकासको अवसरबाट पछाडी नपरोस भन्ने उदेश्यका साथ सबै भूगोल, समुदाय र सामाजिक वर्गहरुलाई समेट्ने अधिकतम प्रयास गरेको छु ।

**श्रद्वेय सभाध्यक्ष महोदय,**
**गाउँ सभाका आदरणीय सदस्य ज्युहरु**

आजको यस गरिमामय गाउँ सभामा, श्रद्वय अध्यक्ष ज्यू बाट प्रस्तुत भएको नीति तथा कार्यक्रम र उक्त नीति कार्यक्रमलाई सफल पार्नको लागि विनियोजित बजेट बाट मोदी गाउँपालिकाको समग्र विकास मा सहयोग पुग्ने विश्वास लिएको छु । प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्नुहुने श्रद्वय गाउँपालिका अध्यक्ष ज्यू, सम्पूर्ण जनप्रतिनिधि ज्युहरु, कर्मचारी साथीहरु लगायत प्रत्यक्ष तथा परोक्ष सहयोग पुर्याउनु हुने सम्पूर्ण पालिकाबासिहरुलाई धन्यवाद ब्यक्त गर्दै, प्रस्तुत बजेटको सफल एवंम् प्रभावकारी कार्यान्वयनका लागी अझ बढी लगनशील भएर पालिकाबासी नागरिकहरु संग हातेमालो गर्दै अगाडी बढ्नेछौ भन्ने विश्वास लिएको छु ।

**धन्यवाद !**

**प्रस्तुतकर्ता**
**विमल लामिछाने**
**उपाध्यक्ष**
**मोदी गाउँपालिका,पर्वत**
**मितिः२०८३/०३/०९**